# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ बैठक ब्यवस्थापन शाखा

च.नं.: ३२

मितिः-२०७८/०४/१०

विषयः- निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

**श्री मनहरी गाउँकार्यपालिकाका**
**सबै शाखा/उपशाखा प्रमुखहरु**
**वडा कार्यालय/वडा सचिवहरु**
**मनहरी, मकवानपुर ।**

प्रस्तुत विषयमा मिति २०७८ आषाढ १३ गते आईतवार बसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान पाँच यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

२०७८/४/१०

(हरिचन्द्र सापकोटा)
नि.प्रमुख प्रशासकिय अधिकृत

फोन:०५७-४१९३०३वेवसाईट:www.manaharimun.gov.np, ईमेल:manaharimun@gmail.com

“कृषि, पर्यटन, वन वातावण र ब्यापार, मनहरी समृद्धीको मूल आधार”

वैठक संख्या १३
मिति २०७८।३।८ गते
स्थान : मनहरी गाउँपालिका कार्यालयको सभा हल

आज मिति २०७८ साल अषाढ ८ गते दिनको ठिक ११.०० वजे मनहरी गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको १२ औ वैठक देहायका पदाधिकारी ज्यूहरुको उपस्थितिका देहायका निर्णय गर्दै सम्पन्न भयो ।

उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं वडा अध्यक्ष | |
| ४ | श्री आनन्द घलान | २ नं वडा अध्यक्ष | |
| ५ | श्री विष्णु थिङ्ग | ३ नं का.वा वडा अध्यक्ष | |
| ६ | श्री ध्रुव खड्का | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री शुभराज थिङ्ग | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री गोपीलाल मोक्तान | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर तितुङ्ग | ७ नं वडा अध्यक्ष | |
| १० | श्री दिल वहादुर स्यांतान | ८नं वडा अध्यक्ष | |
| ११ | श्री साधुराम अधिकारी | ९ नं वडा अध्यक्ष | |
| १२ | श्री कृष्ण विडारी | महिला कार्यपालिका सदस्य | |
| १३ | श्री पम्फा रोक्का | महिला कार्यपालिका सदस्य | |
| १४ | श्री राधादेवी खकुराल पाठक | महिला कार्यपालिका सदस्य | |
| १५ | श्री राममाया प्रजा चेपाङ्ग | महिला कार्यपालिका सदस्य | राममाया |
| १६ | श्री गीता कुमारी प्रजा | दलित अल्पसंख्यक कार्यपालिका सदस्य | |
| १७ | श्री रामप्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

२०७८।०३।०८

१) समिक्षा सम्वन्धमा ।
२) राजश्वका दररेट र दायरा सम्वन्धमा
३) नीति तथा कार्यक्रममा छलफल सम्वन्धमा ।
४) म्याद थप सम्वन्धमा ।
५) गोदावरी प्लाष्टिकको रकम भुक्तानी सम्वन्धमा ।
६) पत्रीकाको रकम भुक्तानी सम्वन्धमा ।
७) IEE सम्वन्धमा
८) विविध

निर्णय नं १

यस गाउँपालिकामा भएको विकास निर्माण कार्यहरुको समिक्षा भयो । गाउँपालिकाका भए गरेको कामहरुको सन्तोषजक रहेको र आगामी दिनमा अझ सुधार गर्दै जाने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०७८।२०७९ सालको राजश्व प्रक्षेपण सम्वन्धमा गाउँ कार्यपालिकाद्धारा तयार भएका करका दर दायराहरु वारे जानकारी भयो । पेश भएका देहायका करका दर र दायर स्वीकृति सम्वन्धमा आगामी गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो

निर्णय नं ३

प्रस्ताव नं ३ यस गाउँपालिकाले तयार गरेको नीति तथा कार्यक्रम उपर छलफल भयो । नीति तथा कार्यक्रममा भएको विषयवस्तुहरुलाई संशोधन गर्दै उक्त नीति तथा कार्यक्रम आगामी नऔ गाउँ सभामा स्वीकृतिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकामा संचालित देहायका निर्माण व्यवशायीहरुको म्याद २०७८ साल मंसिर मसान्त सम्म सार्वजनिक खरिद ऐनको दफा ५६ को अवस्था र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को नियम १ को उपनियम १ (क) वमोजिम सम्म थप गर्ने निर्णय गरियो ।

देहाय
क) जय भैरव निर्माण सेवा ( रुपाचुरी सडक स्तरोउन्नती वडा नं ६ )
ख) सुन्दर नेपाल निर्माण ( मानेलडाँडा रमौली सडक स्तरोउन्नती वडा नं ७ )
ग) रत्न कुमारी एण्ड सन्स विल्डर्स हेटौडा १५ मकवानपर वडा नं ७ को वडा कार्यालय भवन
घ) रत्न कुमारी एण्ड सन्स विल्डर्स हेटौडा १५ मकवानपर वडा नं ९ को वडा कार्यालय भवन

२०७८।०३।०८

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिका मिति २०७७ साल माघ १० गते प्रकाशित वोलपत्रको सूचना अनुसार यस गाउँपालिका वडा नं ९ को खानेपानी आयोजनाको लागि खरिद गरिएको पाइप पाइपको भुक्तानी दिनु पर्ने रकम रु १६६९५२५।२८ लाई वृहत खानेपानी योजना शिर्षकमा विनियोजन भएको रकम रु १००००००० वाट वचत भएको रकमवाट रकमान्तर गरि भुक्तानी दिर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिका लागि सूचनावद्धक, ज्ञानवद्धक ,सूचना प्रकाशित गरेका देहायका प्रत्रिकाको भुक्तानी गर्ने निर्णय गरियो ।
देहाय

| क्र. स | पत्रीकाको नामथर | स्वीकृत रकम |
|---|---|---|
| १ | सही खवर साप्ताहिक | १०००० |
| २ | मकवानपुरगढी साप्ताहिक | ५००० |
| ३ | रेडियो सन्देश | ५००० |
| ४ | साझा कुरा राष्टिय दैनिक | ५००० |
| ५ | रेडियो मकवानपुर १०१.३ मेगाहर्ज | १०००० |
| ६ | रेडियो मकवानपुर १०१.३ | १५००० |
| ७ | हेडम्वा मिडिया प्रा.ली | ३००० |
| ८ | गाउँवेशी क्रियसन प्रा.ली | ११३००० |
| ९ | थाहा दर्शन साप्ताहिक | |

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा मनहरी गाउँपालिका कार्यालय यसै गाउँपालिकाका अध्यक्ष एकराज उप्रेति यसै गाउँपालिका ३ नं वडा कार्यालयका अध्यक्ष विष्णु थिङ्ग समेतलाई विपक्षि वनाई श्री उच्च अदालत पाटन हेटौडा इजलासमा साविक हाडिखोला वडा नं ६ हाल मनहरी गाउँपालिका वडा नं ३ वस्ने देव कुमारी पाठक समेतले दायर गर्नु भएको ०७७–WO–००५८ को अन्तरिम आदेश सहितको निशेधाज्ञा मुद्दा दायर भएको मुद्दा उपर लिखित जवाफ तयार गरि दर्ता गनै, वहस पैरवी गर्ने आवश्यकता वमोजिम कानुन व्यवशायि मुकरर गर्ने तारेखमा रहि मुद्दाको पुपक्ष गर्ने लगायतका जे जो

गर्नु पर्ने कामको लागि यसै गाउँपालिकाका कानुनी सहजकर्ता अधिवक्ता रेखा सापकोटालाई अख्तियारी दिने निर्णय गरियो ।

८ विविध

१) प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं ८मा पर्ने देवकोट खानेपानी योजनाको सम्झौता मिति २०७५ सालमा भएको उक्त योजना सोही वर्ष सम्पन्न नभइ आ.व २०७६।२०७७ सालमा पनि निरन्तरता रहेको तर हाल सम्म केही भुक्तानी नभएकोले उक्त योजनाको प्रगति के कस्तो छ , सोको अध्ययन गरि प्रतिवेदन दिने प्रयोजनको लागि यसै गाउँपालिका वडा नं ८ का वडा अध्यक्ष ठाकुरराम तितुङ्गको संयोजकत्वमा एक अध्ययन तथा जाँचवुझ समिति गठन गरि ३ दिन भित्र प्रतिवेदन दिन प्रयोजनका लागि देहायका पदाधिकारीहरु रहने गरि एक समिति गठन गर्ने ।

| | |
|---|---|
| क) श्री ठाकुराम तितुङ्ग | संयोजक |
| ख) श्री राधा पाठक | सदस्य |
| ग) श्री अभिषेक पाण्डे | सदस्य |
| घ) श्री शैलेश वास्कोटा | सदस्य सचिव |

उक्त समितिको खाना खाजा र व्यवस्थापनको लागि रु १०००० दश हजार मात्र विविध शिर्षकवाट खर्च गर्ने गरि अनुमति दिने निर्णय गरियो ।

२) यस गाउँपालिका वडा नं ७ मा अवस्थित मनहरी प्राथमिक स्वास्थ्य केन्द्रलाई मनहरी अस्पताल नामकरण गरि संचालन गर्ने निर्णय गरियो ।

३) मनहरी गाउँपालिका स्वास्थ्य संस्था दर्ता अनुमती तथा नविकरण कार्यविधि २०७८ लाइ अनुमोदन गर्ने निर्णय गरियो ।

४) योजना संशोधन सम्वन्धमा ।

| क्र.स | साविक योजना | रकम | संसोधित योजना | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सृष्टि मण्डली चर्च मर्मत वडा नं १ पर्ता | १००००० | पर्ता नयाँ ट्याक तथा वाटो स्तरीकरण उपभोक्ता समिति मनहरी १ | १००००० | |
| २ | नेगी खोल्सी कचवे पर्ता भुल्यान वडा नं १ | ३००००० | पर्ता भुल्यान वाटो स्तरीकरण | ३००००० | |
| ३) | भैपरी आउने पुजिगत शिर्षकमा वचत भएको रकमवाट | | वडा नं ४ को | प्राविधिक लागत अनुमान अनुसार ६३ एम एम र ५० एम एमको पाइप खरिद गरि पठाउने | |
| ४) | चयावल खेल मैदानमा विनियोजन भएको रकमलाइ | १००००० | वडा नं २ कै रेसमटोल खानेपानी | १ ००००० | |

२०६८।०३।०८

| | | | | | |
|---|---|---|---|---|---|
| ५) | चवल सडक योजनालाई | १००००० | धर्सी धाप खानेपानी योजना | १००००० | |
| ६) | हाडि खोला नालालाइ | १००००० | हाडिखोला मुल सडक नाला | १००००० | |
| ७) | कालोपानी खोल्सी नियन्त्रण योजना | २००००० | चिन्तामणी मार्गको ढलान | २००००० | |
| ८) | सार्वजनिक जग्गा संरक्षण | | | | |
| ९) | विपद व्यवस्थापन कोषवाट | ५०००००। | विपद व्यवस्थापनको लागी रु पाँच लाख बराबरको ग्याविन जाली खरिद | ५००००० | |
| १०) | सार्वजनिक जग्गा संरक्षण | | मानव सेवा समितिको भवन निर्माण वडा नं १ | २००००० | |
| ११) | दुना टपरी मेशिन लगायत सामाग्री सहयोग र तालिम | ४००००० | न्यायिक समिति फर्निचर खरिद | २१२००० | |
| १२) | विविध | | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितामा छिनचावे स्टेशनरी पसलको भुक्तानी | २३१५० | |
| १३ | चुरे संरक्षण कार्यक्रम | ७६६००० वाट | विद्युतिकरण | ५००००० | |
| १४ | चुरे संरक्षण कार्यक्रम | | भट्टे दमार सल्याव नपुग योजना | ३०००० | |
| | टोल विकास र महिला सहकारीहरुमा आवद्ध जनप्रतिनिधी महीला हरुलाई प्रजजन स्वास्थ्य र मनोपरामर्श | ७००००० | जिरो होम डेलिभरीमा | ७२२० | |
| १५ | विविध सार्वजनिक संरचना तथा वडा कार्यालय मर्मत | ५००००० | प्रधानमन्त्री रोजगार कार्यक्रममा वस्तुगत सहायता कार्यक्रम भुक्तानी | ४०००००। | |
| | नदीजन्य पदार्थ उत्खननको EIA IEE निर्माण वाट | ३००० | गाउँपालिकामा सिसिटिभी जडान | ५०० | |
| | मजदुर विमा कार्यक्रम | ५०० | थाहा स्वास्थ्य वीमा | ५०० | |

२०६८।०३।०८

| | | | | |
|---|---|---|---|---|
| करार सेवा शुल्कमा वचत भएको रकमवाट | | कार्यक्रममा इमरजेन्सी अनकल भत्ता | २०० | |

५) यस गाउँपालिकाको नाममा उच्च अदालत पाटन हेटौडा इजलासमा दायर भएको मुद्धाको वहस पैरवी गर्ने अधिवक्ता रेखा सापकोटालाइ करार सेवा शुल्क शिर्षकवाट एकमुष्ट रकम रु १००००० उपलव्ध गराउने निर्णय गरियो

६) यस गाउँपालिका वडा नं ६ को लोथर खानेपानी आयोजना र वडा नं ७ को विजौना खानेपानी आयोजनाको लागि मिटर जडान कार्यको लागि जिल्ला विद्युत प्राविधिकरण हेटौडा शाखालाइ अनुरोध गर्ने र यस पुर्व उक्त विद्युत प्राधिकरण कार्यालयमा धरौटी वापत राखिएको रकम रु १५८००० एक लाख अन्ठाउन्न हजार मात्र वाट कटटी हुने गरि मिटर जडानको खर्च कटटी गरि दिनु हुन अनुरोध गर्ने

७) यस गाउँपालिका भित्र रहेका नदी तथा खोलाहरुमा नदीजन्य पदार्थहरु संकलनको लागि तयार गरिने प्रारम्भिक वातावरणीय परिक्षण गर्ने प्रयोजनको लागि देहायका नदी तथा खोलाहरुको IEE का लागि देहायको Point को अधिनमा रही प्रारम्भिक वातावरणीय परिक्षण गर्ने निर्णय गरियो । साथै उक्त मध्ये ४ वटा Point को परामर्शदाताहरुको लागि लाग्ने खर्च यस अघि नै विनियोजन भइसकेको र वाकी आठ वटा Point हरुको खर्चको रु ९००००० नौ लाख आगामी गाउँ सभावाट विनियोजन हुने परामर्शदाता शिर्षकवाट दिने निर्णय गरियो ।

देहाय

१। मनहरी खोला पुल दक्षिण क्षेत्र
२। लोथर खोला मनहरी ६
३। मनहरी खोला मनहरी वडा नं ७ र ८
४। राप्ती खोला पहिलो प्याकेज (मनहरी ८ नं सिम्पानी राप्ति दोभान)
५। राप्ती खोला दोस्रो प्याकेज ( मनहरी ८नं सिम्पानी राप्ति दोभान)
६। राप्ती खोला तेस्रो प्याकेज मनहरी ८ नं सिम्पानी राप्ति दोभान C
७। राप्ती खोला चौथो प्याकेज मनहरी ९ नं को मोहनी घारी A
८। राप्ती खोला पाँचौ प्याकेज मनहरी ९ नं को मोहनी घारी B
९। राप्ती खोला छैठौं प्याकेज ज्यामिरे सिरान A
१०। राप्ती खोला सातौं प्याकेज ज्यामिरे सिरान B
११। राप्ती खोला आठौं प्याकेज चौरा खोला दोभान
१२। राप्ती खोला नौं प्याकेज रजैया दरदरा विच दोभान

५.